प्रमाणित प्रतिलिपि

# आर्थिक वर्ष २०७८/७९ को

# नीति तथा कार्यक्रम

नितिथाकार्यक्रम२०७८/०७९

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदुरपश्चिम प्रदेश, नेपाल

## दुर्गाथली गाउँपालिका

बझाङ्ग जिल्ला

सुदुरपश्चिम प्रदेश

प्रस्तुत कर्ता
प्रयागराज जोशी
गाउँपालिका अध्यक्ष
मिति

२०७८।०३।१०

सम्पुर्ण गाउँ सभा सदस्यहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु र उपस्थित सबै महानुभावहरु

१. दुर्गाथली गाउँपालिकाको आ.ब.२०७८।७९ को नवौ गाउँ सभामा वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाइ गौरबको अनुभूति भएको छ ।

२. विगतमा भएका विभिन्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्दासुमन अर्पण गर्दछु । साथै राजनैतिक आन्दोलनमा बेपत्ता भएका नागरिक र घाइते योद्दाहरु प्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दै सामाजिक, राजनितिक परिवर्तमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सम्पुर्ण चिर अपरिचित अग्रजहरु प्रति आभार प्रकट गर्न चाहन्छु ।

३. सम्पुर्ण विश्व समुदाय हाल Covid-19 महामारीको दोस्रो लहरवाट भयावह अवस्थाको सामना गरि रहेको छ । यस महामारीबाट संक्रमित भइ देश भित्र र बाहिर ज्यान गुमाउनु हुने नागरिकहरुप्रति गहिरो समवेदना प्रकट गर्दै संक्रमित व्यक्तीहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

४. आज सारा विश्व COVID-19 दोस्रो लहरको महामारीबाट त्रसित भएको अवस्थामा बझाङ्ग जिल्ला भित्र संक्रमितहरु दिनानुदिन वढी रहेका छन । यस महामारीबाट उत्पन्न संकट व्यवस्थापनका लागि संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार र स्थानिय सरकारहरु विचको सहकार्य, ऐक्यवद्ता,आत्मविश्वासको खाचो छ ।

५. समग्र विश्व समुदायहरु कोरोनाको महामारीमा ग्रसित रहेको अवस्थामा हाम्रो गाउँपालिका अछुं+तो नभएता पनि यस गाउँपालिकाबाट सम्पादित भएका कामकाजहरु सन्तोषजनक रहेको छ ।

सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु

अब म आ.ब.०७७।७८ मा घोषित निति तथा कार्यक्रमहरुका उपलब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

६. दुर्गाथली गाउँपालिकाको केन्द्र वेतालमान्डौ चौधारीमा रहने निर्णय बमोजिम यस कार्यालयले जग्गा प्राप्ती गरिसकेको छ । साथै ५ सैयाको अस्पताल निर्माणको लागी पनि जग्गा प्राप्त गरेको छ ।, औद्यौगिक क्षेत्र, कृषि अनुसन्धान केन्द्र, खेलकुद मैदान लगायतका संरचनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन ।

७. दुर्गाथली गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा रहेको सडक विस्तारको कार्यलाइ तिब्रताका साथ अगाडी बढाइएकोमा, हाल ७ वटै वडा कार्यालयहरुको केन्द्रहरु सडक सन्जालले जोडिएको छ ।

८. ग्रामिण विद्दुतिकरण कार्यक्रम अन्तर्गत ४ वटा (सानीगाड, जुइलीगाड दोश्रो, सैन, जसेकोट ) ल.ज.वि.हरु सन्चालनमा रहेको र २ वटा पेल्टिसेट मार्फत गा.पा. का विभिन्न वस्तीहरुमा विजुली वत्तीको सेवा पुर्याइएको छ यसरी सम्पुर्ण गाउँपालिका भरी लगभग १३७ किलोवाट विधुत्त उत्पादन भइसकेको कुरा पनी यस गरिमामय सभालाइ जानकारी गराउद छु ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ

प्रमाणित प्रतिलिपि

९. राष्ट्रिय प्रशारण लाइन विस्तार कार्य नेपाल विद्दुत प्राधिकरणले ७ वटै वडाहरुमा सर्वे कार्य सम्पन्न गरि गा.पा.को १ नम्बर वडा कार्यालय २ नम्बर वडा केही भागमा लाइन विस्तार गरिरहेको र बाँकी स्थानमा आगामी आ.ब. २०७८।७९ मा सम्मन्न हुने अनुमान गरेको छु ।

१०. आधारभुत स्वास्थ्य सेवा तर्फ वडा नम्बर १,४,६ र ७ मा भवनहरु निर्माण कार्य सम्पन्न भइ प्रयोगमा आइसकेका छन विभिन्न वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाइहरु स्थापना भइ सन्चालनमा रहेका छन तेसै गरि कोभिड महामारी रोकथाम तथा नियन्त्रणको लागी २५ शैयाको अस्थायी अस्पताल निर्माण भइ सञ्चालनमा आएको व्यहोरा जानकारी गराउदछु साथै दुर्गाथली गाउँपालिका पुर्ण खोप सुनिश्चतता युक्त पालिका घोषणा भइसकेको छ अव उपरान्त कुनैपनि वालवालिका खोप सुविधा वाट बञ्चित नहुने विश्वास राखेको छु।

११. स्वास्थ्य सेवा तर्फ आधारभुत प्रयोगशाला सेवा र एम्बुलेन्स सेवा सन्चालनमै रहेका छन ।

१२. चौधारी मा.वि.मा प्राविधिक शिक्षा तर्फ I.Sc. Agriculture सन्चालन भएको र साथै विभिन्न आधारभुत विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वियनको चरणमा रहेको छ जस्ले गर्दा हाम्रो स्थानीय स्तरमा रहेका कला संस्कृती प्रम्परागत पेशा व्यवशाय तथा हाम्रो स्थानीय भाषाको संरक्षणमा टेवा पुग्ने अनुमान गरेको छु ।

१३. सामुदायिक विद्यालयहरुको भौतिक सुविधा र शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गरिएको छ । जस्तै भवनहरु, शौचालयहरु, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT कक्षाहरु आदी ।

१४. सामुदायिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापन तथा शैक्षिक सुशासन कायम गर्न शिक्षा ऐन २०७७ कार्यान्वियनमा ल्याइएको छ

१५. संस्कृतीको सम्वर्दन र संरक्षणका लागि विभिन्न पर्यटकिय स्थलहरु( वेतालमाडु, मष्टा माडु, मालिका माडु ) मा भौतिक पुर्वाधार निर्माण कार्य भएको छ ।

१६. खानेपानीको अति समस्या भएका विजाडा, जाफ्री-बाजकाडा, अठिमाडा, टमटाना, ठाटाँ जिवज्यानी लयातका स्थानहरुमा RVWRMP सँगको समन्वयमा खानेपानी तथा वहुउपयोगी योजनाहरु चालु आ.व. मा सम्पन्न भइ सञ्चालनमा आएका छन ।

१७. गत आ.व. हरुमा महालेखा परीक्षकको कार्यालयले औल्याएको वेरुजु रकम मध्ये यस आर्थिक वर्षमा सम्परीक्षण गरी १ करोड १ लाख ८५ हजार फर्छौट गरिएको छ र वाँकी १ करोड १९ लाख समपरीक्षणको लागी काठमाण्डौं मलेपको कार्यालमा लेखि पठाएको जानकारी गराउद छु ।

सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु

अब म दुर्गाथली गाउँपालिकाको आ.ब. २०७८।७९ को निति तथा कार्यक्रमहरु यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

१८. आ.ब. २०७८।७९ को संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारले प्रस्तुत गरेको निति तथा कार्यक्रम र बजेटसँग तादाम्यता एवं सन्तुलन कायम हुने गरि र गत आ.ब.का बजेटमा भएका कमि कमजोरीहरु मध्यनजर गर्दै यस आ.ब. २०७८।०७९ का लागि निति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

१९. संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार र आन्तरिक आम्दानीबाट प्राप्त वित्तिय श्रोतलाइ ७ वटै वडाहरुमा भौगोलिक विकटता, जनसंख्या, आवश्यकता, समावेशिता, समन्यायिक एवम समानुपातिक रुपमा वितरण गरिनेछ ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

२०. गाउँपालिकाको समग्र विकासका लागि नेपालको संविधानको आर्थिक उदेश्य लाइ आत्मासाथ गर्दै सार्वजनिक, निजि र सहकारी क्षेत्रलाइ सम्वृद्धीको सम्वाहकको रुपमा लिइ यी क्षेत्र बिचको सहकार्य र साझेदारीलाइ थप बलियो एवम प्रभावकारी बनाइनेछ ।

२१. चालु खर्चमा मितव्ययिता अपनाइ पुजिगत खर्चमा बढोत्तरी गर्ने निति लिइनेछ ।

**क. आर्थिक विकास तर्फ**

२२. आगामी आ.ब.२०७८।७९ को श्रावण १ गते देखि लागु हुने गरी राजश्व परामर्श समितिको सिफारिसमा करको दायर बढाइनेछ., सबै व्यवसायीहरुलाइ व्यवसाय कर अनिवार्य रुपमा लगाइनेछ ।

२३. करदाताहरुको सुविधालाइ मध्यनजर गर्दै कर सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्दै सरोकारवालाहरुसँग सल्लाह र सुझाव लिइ कार्यक्रम एवम् गोष्ठीहरु प्रत्येक वडाहरुमा सन्चालन गरिनेछ ।

२४. यस गाउँपालिकाले वित्तिय संस्थामा ग्रामीण भेगका जनताको पहुच पुगोस भन्ने उद्देश्यका साथ एक **ब्यक्ती एक बैंक खाता** कार्यक्रम लागु गरिनेछ । सम्पुर्ण यस पालिका वाट गरिने आर्थिक कारोवारहरु वैकिङ प्रणाली मार्फत मात्र गरिने छ र समाजिक सुरक्षा भत्ता लाइ आ.व.२०७८।०७९ देखी पुर्ण रुपमा वैकंङ प्रणाली मार्फत भुक्तानी गरिने व्यवस्था मिलाएको छु ।साथै कृषि एवम पशु व्यवसाय तथा अन्य व्यवसायहरु गर्ने उद्दमीलाइ सुलभ ऋणको व्यवस्था गरिनेछ ।

२५. दुर्गाथली गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राजश्वका श्रोतहरुको अधिकतम प्रयोग गरि आन्तरिक आम्दानी बृद्दी गर्ने निति अबलम्बन गरिनेछ । ढुंगा, गिट्टि, वालुवा तथा नदि जन्य पदार्थ संकलनका लागि तिलेली, तारुगाड, मोरीवगर, झनाना, सुडीखोला, विनाडा, बाजकाडा, गाग्रीपाटा डुग्रीवगड खोला, मौलाली, देउलेक, सैनगाड लगायतका विभिन्न भुभागमा प्रारम्भिक वातावरणीय मुल्याँकन गरि कर संकलन गर्ने निति लिइनेछ ।

२६. दुर्गाथली गाउँपालिका भित्र रहेका पर्यटकिय स्थलहरुको पहिचान गरि सो क्षेत्रमा आवश्यक पुर्वाधार विकासका लागी पहल गरिनेछ ।

२७. गाउँपालिकास्तरमा उत्पादित कृषि उपजहरुको प्रर्दर्शनी आयोजना गरि उत्कृष्ट कृषकलाइ उचित पुरस्कारको व्यवस्था मिलाइनेछ ।

२८. परम्परागत निर्वाहमुखि कृषि प्रणालीलाइ निरुत्साहित गरि व्यवसायिक आधुनिक कृषी प्रणाली अबलम्बन गर्ने निति लिइनेछ । कृषिलाइ आयमुलक,आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायका रुपमा विकास गरिनेछ । महिला सहकारी संस्थाहरु तथा अर्ध वेरोजगार र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाइ कृषि व्यवसायमा आकर्षित गरिनेछ ।

२९. विभिन्न होटल, चमेना गृह र सार्वजनिक सरोकाकारका पसलहरुमा बर्ष मा कम्तिमा २ पटक सेवाको अवस्था र खाद्य गुणस्तर कायम राख्न अनुगमन तथा निरिक्षण गरिनेछ ।

३०. विभिन्न वडाहरुमा साविक गरिवि निवारण कोष र सहकारी विभाग अन्तर्गत दर्ता भइ दुर्गाथली गाउँपालिका कार्यक्षेत्र तोकिएका सहकारीहरुलाइ एकिकृत गर्दै समुदायमा आधारित सहकारी संस्थाहरुको व्यवस्थापनमा जोड दिइनेछ ।

३१. लघु उद्दम र घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक व्यवस्था गरिनेछ, साथै स्थानिय उत्पादनको उपयोग, वितरण र निर्यात निति अबलम्बन गरिनेछ ।

३२. दुर्गाथली गाउँपालिकाभित्रको भौगोलिक बनोट, हावापानी र पर्यावरणिय अनुकुलताका आधारमा सबै वडाहरुमा फलफुल, तरकारी र नगदेबाली खेति गरी बाँझो जमिनलाइ उपयोग गर्ने निति लिइनेछ, सोका लागि अनुदानको आवश्यक व्यवस्था मिलाइनेछ ।

३३. सामुहिक कृषि प्रणालीलाइ प्रोत्साहन गरि समुहमा आधारित कृषि प्रणाली अबलम्बन गर्न कृषि समुहहरु गठन गरि दुर्गाथली गाउँपालिकालाइ विभिन्न कृषि उपज जस्तै तरकारी,आलु, मकै, कोदो, वेथु(मास्या),दलहन जस्ता खाद्य बस्तुहरुको उत्पादनमा बृद्दी गरि पकेट क्षेत्रका रुपमा विस्तार गर्दै **एक गाउँ एक वाली निति** लाइ अवलम्बन गरिने छ ।

३४. माहुरीपालन, गाइपालन,कुखुरापालन, भैसिपालन, बाख्रापालन गर्ने व्यवसायीलाइ कृषि समुहमा आवद्द गरि व्यवसायिहरुलाइ विभिन्न क्षमता विकास तालिमहरु, कृषि अवलोकन भ्रमण र अनुदानको लागि निरन्तरता दिइनेछ ।

३५. कृषि तथा पशु तर्फ अध्ययन अध्यापन गर्दै आएको दुर्गाथली गाउँपालिका भित्रको प्राविधिक धारको विद्यालयलाइ आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ, जसको परिणाम विद्यालयले विभिन्न कृषक समुहहरुमा प्राविधिक सेवा उपलब्ध गराउनमा टेवा पुर्याउनेछ ।

३६. पशु पंक्षीपालनको व्यवसायिकरण र विस्तारिकरण गरी पशुपंक्षीजन्य उत्पादनमा वृदी गरी निकासी प्रकृयामा प्रोत्साहन दिने नितिलाइ निरन्तरता दिइनेछ ।

३७. पशु/कृषि सेवा प्रसार कार्यक्रमको तर्जुमा कार्यान्वयन अनुगमन र मुल्यांकन कार्यलाइ थप प्रभावकारी र सशत्त बनाउन **एक वडा एक कृषी प्राविधिक कार्यक्रम** कार्यान्वयन गरिने छ ।

३८. कृषकहरुलाइ आफ्नो व्यवसायको विमा गर्न प्रेरित गरिनेछ ।

३९. कृषि तर्फ माटो परिक्षण कार्यलाइ निरन्तरता दिइनेछ ।

**ख. सामाजिक विकास**

४०. आधारभुत तहको शिक्षालाइ गुणस्तरिय बनाउदै कक्षा १२ सम्मको शिक्षामा सबै बालबालिकाहरुको नि:शुल्क पहुँच हुनेछ ।

४१. Covid-19 को महामारीबाट विद्यालयहरु प्रत्यक्ष प्रभावित भइ पठनपाठन कृयाकलापहरु अवरुद्द भएको अवस्थामा विद्दुतिय शिक्षण माध्यम FM Radio को प्रयोग गरि शीक्षण सिकाइ कृयाकलापहरु सन्चालन गर्ने निति लिइनेछ ।

४२. विद्दमान शिक्षा प्रणालीमा सुधार गर्दै गाउँपालिकाको आवश्यकता अनुरुप गुणस्तरिय, व्यवसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने विद्यालयलाइ आवश्यक अनुदान दिने निति अबलम्बन गरिनेछ ।

४३. स्थानीय पाठ्यक्रम लाइ प्रभावकारी रुपमा शिक्षण गर्न र विद्यार्थिको शिकाइ उपलव्धीमा वढोत्तरी गर्न विषयगत शिक्षकहरुलाइ आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

४४. यस गाउँपालिका भित्रको सरकारी, सार्वजनिक क्षेत्रमा अतिक्रमित जमिनको अभिलेख तयार पारी उक्त अतिक्रमित भुमीको संरक्षण गर्ने निति लिइनेछ ।

४५. रोजगारी र उद्दमशिलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइनेछ ।

४६. आर्थिक रुपले विपन्न, लोपोन्मुख, सीमान्तकृत समुदाय र अपांगता भएका व्यक्तिहरुको शिक्षामापहुँच सुनिश्चित गर्न अध्यक्ष छात्रवृति कोषको व्यवस्था गरिनेछ ।

४७. मा.वि., नि.मा.वि. र प्रा.वि. तहका विद्यालयहरुको शैक्षिक स्तरमा गुणस्तरिय सुधार ल्याउन विभिन्न समयहरुमा अतिरिक्त कृयाकलापहरु सन्चालन गरि शिक्षालाइ प्रतिस्पर्धी,

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

पहुँचयोग्य र अनुसन्धानमुलक वनाइने छ । एस इ इ मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाइ वार्षिक एक मुष्ट रु एकलाख पुरुष्कार वाट सम्मानित गरिने छ र विद्यार्थि भाइ वहिनिको पढाभमा मनोवल उच्च राख्न कक्षा आठ र एस इ इ मा पालिका भरि उत्कृष्ट नतिजा ल्याउने एक एक जना छात्र र छात्रा लाइ क्रमशः रु १० हजार र पन्ध्र हजार रुपीया पुरुस्कारको व्यवसथा गरिने छ ।

४८. दुर्गाथली गाउँपालिकाभित्र रहेका विभिन्न सामुदायिक विद्यालयहरुमा सन्चालन गरिने कृयाकलायहरुमा एकरुपता दिइनेछ ।

४९. जनसंख्या र भुगोलको आधारमा विद्यालयहरुको नक्सांकन गरि पुन: संरचना गर्ने र शिक्षक विद्यार्थी अनुपातमा विद्यालयहरु समायोजन गर्ने निति अबलम्बन गरिनेछ ।

५०. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि मुल्यांकनका सुचकांक तय गर्ने र प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने निति लिइनेछ ।

५१. शैक्षिक सुशासन तथा सुचना व्यवस्थापन प्रणालीलाइ थप सुदृढीकरण गर्दै आगामी आ.ब.मा यस गाउँपालिका क्षेत्रमा रहेका सम्पुर्ण माध्यामिक तह सम्मका विद्यालयहरुमा विद्दुतिय हाजिरी लागु गरिनेछ, र आगामी आ.ब.मा अन्य विद्यालयहरुमा लागु गर्दै लगिनेछ ।

५२. स्वास्थ्य शिक्षा सम्बन्धि अध्ययन / अध्यापन गर्न माध्यामिक विद्यालयहरुमा स्वास्थ्यकर्मीको लागि आवश्यक पहल गरिनेछ ।

५३. सामुदायिक विद्यालयहरुको शैक्षिकस्तर सुधारका लागी शिक्षकको दरबन्दी मिलान, शिक्षक विद्यार्थी अनुपातमा आधारित भौतिक संरचना, क्षमता अभिबृद्धी कार्यक्रम लगायतका विविध कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५४. दलित समुदायका लागि जनता आवास कार्यक्रमलाइ घर निर्माणका लागि आवश्यक पहल गरिनेछ । साथै खरले छाएको घरलाइ विस्थापित गर्ने निति लिइनेछ ।

५५. दुर्गाथली गाउँपालिकाबाट आगामी आ.ब. मा सन्चालित खानेपानी योजनाहरुमा **एक घर एक धारा सहितको निजि धारा प्रणाली तथा बालमैत्री धारा निर्माण गर्ने निति** अबलम्बन गरि खानेपानी योजनाहरु सन्चालन गरिनेछ । साथै निजि धारा सम्बन्धित उपभोक्ताले आफ्नै लगानीमा गर्नुपर्नेछ ।

५६. खानेपानी योजनाहरुलाइ दिगो बनाउन योजनाहरुको अनिवार्य ५ प्रतिशत रकम **मर्मत सम्भार कोष** राख्ने निति लिइनेछ । गाउँपालिकास्तरमा समेत खानेपानी योजनाहरु आकस्मिक मर्मत संभार गर्न विशेष मर्मत संभार कोषको स्थापना गरिनेछ ।

५७. गाउँपालिका क्षेत्र भित्र हुने बाल विवाहलाइ निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

५८. ७५ वर्ष माथिका जेष्ठ नागरिक, पुर्ण अपाङ्गता (क बर्ग) भएका व्यक्तीहरु र गर्भवती महिला जटिल अवस्था आइ स्वास्थ्य संस्थाबाट प्रेषण भइ आएमा निशुल्क एम्बुलेन्स सेवा लाइ निरन्तरता दिइने छ ।

५९. हाम्रो समाजमा विद्‌मान रहेका कुरिति, कुसंस्कार र विसंगतिहरुलाइ निरुत्साहित गर्ने क्रियाकलापहरु सन्चालनमा जोड दिइनेछ ।

६०. सबैको लागि **नि शुल्क आधारभुत स्वास्थ्य सेवाको** सुनिश्चित गर्नको लागि स्वास्थ्य क्षेत्रमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

६१. **तपाइको स्वास्थ्य हाम्रो अठोट** भन्ने नेपाल सरकारको मुख्य नारालाइ सफल पार्न **स्वास्थ्य विमा कार्यक्रमलाइ** प्रभावकारी ढङगले अगाढी वढाइने छ ।

६२. २४ सै घण्टा संस्थागत प्रसुति सेवालाइ अझ व्यवस्थित एवम सुविधासम्पन्न बनाउदै लगिनेछ ।

६३. दुर्गाथली गाउँपालिका मा ५ **शैयाको अस्पताल** निर्माणका लागी संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

६४. आयुर्वेदिक एवम प्राकृतिक चिकित्सा प्रणालीको विस्तार एवम प्रर्वद्वन गरि आयुर्वेद औषधालय व्वस्थित र सर्वसुलभ बनाइने छ । आम नागरिकलाइ योगाभ्यास र शारिरिक व्यायामसहितको जिवन पद्दती अपनाउन प्रेरित गरिनेछ ।

६५. कोरोना महामारी सामान्य अवस्थामा नआन्जेलसम्म **Health Desk** लाइ निरन्तरता दिइनेछ ।

६६. गाउँपालिकामा रहेका स्वास्थ्य चौकीको सेवा प्रवाह हलाइ पुर्णरुपमा आधुनिकीङ्करण गरी paper pencil रहित सेवा प्रवाह गर्न प्रत्येक स्वास्थ्य चौकीमा एक ल्यापटप, प्रिन्टर र सेलार सेटको व्यस्था गरिने छ ।

६७. महिला, बालबालिका र जेष्ठ नागरिकहरुको स्वास्थ्यमा मध्यनजर गर्दै २ पटक आधारभुत स्वास्थ्य शिविरको लागि आवश्यक पहल गरिनेछ ।

६८. सैनपसेला र मौलाली स्वास्थ्य चौकीहरुमा आगामी आ.ब. २०७८।०७९ देखि आधारभुत ल्याव सेवा र ग्रामिण अल्ट्रासाउण्ड सेवा विस्तारका लागि आवश्यक पर्ने जन शक्ति र ल्याव व्यवस्थापनका लागि बजेट व्यवस्था गरिनेछ ।

६९. आगामी आ.ब. मा बहुक्षेत्रीय पोषण कार्यक्रमलाइ निरन्तरता दिइनेछ साथै आगामी आ.व. २०७८।७९ मा तोकिएको मापदण्ड पुर्याउने ७ वटै वडाहरुलाइ पोषणयुक्त वडा घोषणा गर्ने निति लिने र प्रत्येक वडामा कम्तीमा १ पोषण नमुना टोलका लागि विषयगत शाखाहरुमार्फत एकिकृत कार्यक्रम बनाइ कार्यान्वयन गर्ने निति लिइनेछ ।

७०. आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्याउन गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुको भौतिक तथा क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

७१. किशोरीहरुको सामाजिक, आर्थिक, मानसिक शारिरिक विकासका लागि **किशोरि सँग उपाध्यक्ष** कार्यक्रम सन्चालन गरिनेछ ।

७२. विगत लामो समय देखिका कार्यरत महिला स्वास्थ्य स्वयमसेविकाहरुको कार्य क्षमता अभिवृदी गर्न बार्षिक रुपमा तालिम को व्यवस्था गरिनेछ, साथै महिला स्वास्थ्य स्वयम सेविकालाइ प्रोत्साहनका लागि वर्षमा १ पटक झोला , छाता, मोवाइल र टर्च को व्यवस्थापन गरिने छ र थप मासिक रुपमा स्थानीय तह वाट रु दूइ हजार भत्ता दिने व्यवस्था गरिने छ ।

७३. **दिर्घ जे.ना. सम्मान कार्यक्रम** लाइ निरन्तरता दिइ प्रत्येक वडाहरुमा बृद भेटघाट कार्यक्रम सामाग्री वितरण र स्वास्थ्य परिक्षण जस्ता क्रियाकलापहरु संचालनमा ल्याइनेछ र गाउँपालिका भित्र रहेको कमजोर आर्थिक अवस्था भएका ६० देखी ६९ वर्ष सम्मका एकल पुरुषहरुलाइ जिवन निर्वाह भत्ता दिने व्यवस्था गरिने छ ।

७४. विभिन्न दिर्घरोगीहरुको औषधि उपचारका लागि बजेट ब्यवस्था गरिनेछ ।

७५. १६ वर्ष मुनिका आमा र बुवा दुवै नभएका टुहुरा बालबालिकाहरुलाइ मासिक ५००।०० र आमा वा वुवा मध्ये कुनै एक नभएका असहाय टुहुरा बालबालिकाहरुलाइ मासिक रु २५०।०० का दरले

निर्वाहमुखी भत्ता वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै यस गाउँपालिका भित्र रहेका बालआश्रम/वृद्दा आश्रमलाइ व्यवस्थित बनाउदै लगिनेछ ।

७६. स्थानीय स्तरमा उत्पादित बस्तुहरुको वजारीकरण गर्नकोलागी चौधारी वजार नजिकै कोसेलीघर निर्माण गरी प्रयोगमा ल्याउन आवश्यक व्यवस्था मिलाइने छ ।

७७. यस गाउँपालिकाका स्थानीय वजार भ्वाँगडा, चौधारी र विसौना वजारमा समाजिक शान्ती सुरक्षा वलियो वनाउन CCTV क्यामरा जडान गर्ने व्यवस्था मिलाइने छ ।

**ग. भौतिक पुर्वाधार विकास**

७८. गाउँपालिका बाट सन्चालन हुने ठुला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरि सोही बमोजिम सन्चालन गरिनेछ । गाउँपालिकाले आफ्नो श्रोतले नसक्ने योजनाहरु निर्माणका लागि संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकार समक्ष आवश्यक पहल चालिनेछ ।

७९. गाउँपालिकाको आफ्नो प्रशासनिक भवन र वडा कार्यालय भवनहरु निर्माणका लागि विस्तृत योजना प्रतिवेदन आ.ब. २०७८।७९ मा तयार गरि भवन निर्माणको कार्य सन्चालन गरिनेछ । उक्त भवन निर्माणका लागि आवश्यक पर्ने बजेट सुदुरपश्चिम प्रदेश सरकार र संघिय सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

८०. गाउँपालिका भित्रका विभिन्न खेतियोग्य भुमिको पहिचान गरि सो क्षेत्रमा सिचाइ सुविधा पुर्याउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

८१. यस गाउँपालिका क्षेत्र भित्र पर्ने सेती नदि र सो नदिका सहायक खोलाहरुमा रहेका जोखिम युक्त क्षेत्रहरुमा सम्बन्धित सरोकारवाला निकायहरुसँगको समन्वयमा नदि नियन्त्रण र जोखिम न्युनियकरण कार्यहरु सन्चालनका लागि संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

८२. दुर्गाथली गाउँपालिकाको निम्न स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाइ पुर्णता दिन संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

क. निउली झो.पु.

ख. चमला पसेला झो.पु.

**घ. वन, वातावरण र विपद व्यवस्थापन**

८३. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक/निजि वन, सार्वजनिक स्थलहरुको संरक्षण सम्वर्दन गर्न र पर्यावरणीय सन्तुलन कायम गर्न वृक्षारोपण सहित **हरियाली दुर्गाथली**को परिकल्पना गर्न वृक्षारोपण कार्यक्रम गरिनेछ, जसका लागि **एक वडा एक झाडी** कार्यक्रमलाइ प्राथमिकता दिइने छ । जस्तै निगला झाडी वास झाडी आदी ।

८४. जैविक विविधताको संरक्षण एवम प्रवर्दनको कार्यक्रम सन्चालन गरिनेछ । वातावरण र विकासविच सन्तुलन कायम हुने गरि विकास कार्यक्रम तथा आयोजना सन्चालन गरिनेछ ।

८५. वातावरण संरक्षण जलवायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दीर्घकालिन योजना तयार गरि पानीका मुहानहरुको अभिलेख राखिनेछ साथै उक्त पानीका श्रोतहरुको संरक्षण गरी परम्परागत ढुंगेधारा, न्वालो, पोखरी आदि संरक्षणमा जोड दिइनेछ ।

८६. विभिन्न सार्वजनिक स्थलहरुमा सरसफाइका क्रियाकलापहरु सन्चालन गरिनेछ सो का लागि विभिन्न सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक कृयाकलापहरु गरिनेछ ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदुरपश्चिम प्रदेश, नेपाल

८७. आगामी आ.ब.मा गाउँपालिकाको विपद् प्रतिकार्य योजना तयारी गरि भविष्यमा हुन सक्ने मानविय क्षती, पशुचौपाया क्षति एवम् अन्य भौतिक क्षतिहरुमा न्युनिकरण गर्न आवश्यक पहल कदमी चालिनेछ ।

८८. प्रत्येक सरकारी/सामुदायिक संस्था, विद्यालय, स्वास्थ्य चौकी र पसलहरुले अनिवार्य रुपमा फोहोरमैला व्यवस्थापनका लागि डस्टविनको प्रयोग गर्नुपर्नेछ ।

८९. यस गाउँपालिकामा पाइने अमुल्य वनस्पती श्रीखण्डको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

९०. गाउँ विपद व्यवस्थापन कोषका लागि बजेटको व्यवस्था गरिनेछ ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

९१. जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासका क्रियाकलापहरु सन्चालन गरिनेछन ।

९२. दुर्गाथली गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा कर्मचारीहरुको विद्दुतिय हाजिरीको व्यवस्था गरिनेछ ।

९३. सामाजिक सुरक्षा र पन्जिकरणलाइ Online System बाट संचालन गर्ने व्यवस्था मिलाइ E-Governance को प्रत्याभुति गरिने व्यवस्था मिलाइनेछ । साथै आगामी आ.ब.मा विभिन्न कम्प्युटर Software हरु खरिद गरि सुचना प्रविधिमैत्री कार्यक्रमहरु सन्चालन गरि E-Governance को प्रयोग गरिने निति अवलम्बन गरिनेछ ।

९४. गत विगतका वर्षहरुमा भएका वेरुजुहरु फछ्यौट गर्ने कार्यलाइ कडाइका साथ लागु गरि बेरुजुलाइ शुन्यमा राखि वित्तिय सुशासन कायम गर्ने निति लिइनेछ ।

९५. आगामी आ.ब. देखि उत्कृष्ट काम गर्ने ५ जना कर्मचारीहरुलाइ कार्यसम्पादन मुल्यांकनका आधारमा सर्वोत्कृष्ट १ जना कर्मचारीलाइ रु. २५,०००।०० र बाँकी ४ जना उत्कृष्ट कर्मचारीहरुलाइ रु.१०,०००।०० का दरले **स्थानिय निजामति पुरुस्कार**को व्यवस्था गरि कर्मचारीहरुको मनोवल उच्च राखिनेछ ।

९६. कोरोना महामारीमा अहोरात्र खटिएका स्वास्थ्यकर्मिहरु तथा एम्वुलेन्स चालकका लागी आवश्यक जोखिम भत्ताको व्यवस्था गरिने छ ।

९७. सामाजिक क्षेत्रमा उत्कृष्ट कार्य गर्ने समाजसेवी, शिक्षक र व्यवसायीहरुलाइ सम्मान गरिनेछ ।

९८. दुर्गाथली गाउँपालिकाको विकट क्षेत्र चुवावनमा शान्ति सुरक्षाका लागि अस्थायी प्रहरी विट स्थापनका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

९९. वित्तिय सुशासन कायम राख्न तेश्रो पक्षबाट सार्वजनिक सुनुवाइलाइ निरन्तरता दिइनेछ ।

१००. गाउँपालिकाबाट दिइने सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाइनुका साथै भ्रष्ट्रचारसम्बन्धी शुन्य सहनशिलताको निति अबलम्बन गरिनेछ ।

१०१. आयोजनाको दिगोपनाका लागि गाउँपालिका र वडास्तरिय अनुगमन मुल्यांकन समितिलाइ थप प्रभावकारी बनाइदै लगिनेछ ।

१०२. सुचनाको हक प्रत्याभुति दिनुका साथै सुचना संप्रेशण गर्न सन्चार माध्यमहरुको पहुच अभिवृदी हुने कृयाकलापहरु सन्चालनमा जोड दिइनेछ यस गाउँपालिकाको मष्टामाडुमा रहेको नेपाल टेलिकमको टावर सम्म नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइन विस्तारको लागी आवश्यक प हल गरिने छ ।

सम्माननिय गाउँसभा सदस्य एवम कर्मचारीहरु,

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

अब म यस सम्मानित सभामा आ.ब.२०७८।७९ को लागि संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान तथा आन्तरिक राजश्वको अनुमानित वजेट सिलिङको बारेमा जानकारी गराउन चाहन्छु ।

**संघिय सरकारबाट प्राप्त अनुदान** (२९ करोड ३६ लाख ४७ हजार)

राजश्व बाँडफाड तर्फ रु. ५ करोड ४७ लाख ४७ हजार
वित्तीय समानिकरण तर्फ रु. ९ करोड ५२ लाख
सशर्त तर्फ रु.१४ करोड ३७ लाख
**सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान (१ करोड ५३ लाख १४ हजार मात्र)**
वित्तिय समानिकरण तर्फ रु ६६ लाख ३५ हजार
सवारी साधन कर तर्फ रु ७ लाख ३५ हजार
विशेष अनुदानः रु २५ लाख
समपुरक अनुदानः ५४ लाख ४४ हजार रुपिया मात्र ।
आन्तरिक आम्दानी रु. २५ लाख
**जम्मा रकम ३१ करोड १४ लाख ६१ हजार मात्र ।**

**योजनाहरु प्राथमिकिकरण छनौटका आधार तथा मापदण्डहरु तय गरिएको छ ।**

क. कोरोना भाइरसको महामारीबाट प्रभावित नागरिकहरुलाइ रोजगारी सृजना हुने कार्यहरु
ख. आर्थिक विकास र गरिबी न्युनिकरणमा प्रत्यक्ष योगदान पुर्याउने
ग. उत्पादनमुलक र छिटो प्रतिफल दिने
घ. राजश्व परिचालनमा योगदान दिने
ङ. स्थानिय श्रोत साधनमा आधारित भइ सहभागिता अभिवृदि गर्ने
च. लैङ्गिक समानता सामाजिक समावेशिकरणको अभिवृदी गर्ने
छ. स्थानिय संस्कृती र पहिचान प्रवर्दन गर्ने
ज. दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
झ. सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने

**अन्त्यमा,**

**कोभिड १९ को महामारीमा पनी स्वास्थ्यका आधारभुत मापदणडको अक्षरसः पालना गरी यस दुर्गाथली गाउँपालिकाको चालु आ.व.मा भौतिक विकास पुर्वाधारका कार्यक्रम, आर्थिक समाजिक रुपान्तरणका कार्यक्रमलाइ गतिशिलता प्रदान गर्नुहुने सम्पुर्ण राजनैतिक दल, उद्दधमी, निर्माण व्वशायी,व्यपारी,नागरिक समाजका अगुवा र सम्पुर्ण दिदीवहीनी तथा दाजुभाइ लाइ हार्दिक आभार प्रकट गर्दछु ।**

प्रस्तुत निति तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने दुर्गाथली गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु र मातहतका कर्मचारीहरु, विभिन्न राजनितिक दलका नेता ज्युहरु, विभिन्न समयमा अग्रज व्यक्तीहरुले दिनु भएका सुझावहरुलाइ पनि निति तथा कार्यक्रम तर्जुमाका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने पदाधिकारीहरु, प्रमुख प्रशासकिय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकार मित्रहरु, सुरक्षा

दुर्गाथली गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदुरपश्चिम प्रदेश, नेपाल

नीति तथा कार्यक्रम २०७८/०७९

निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सबै दिदि बहिनी, दाजुभाइहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वियन वाट कोभिड वाट प्रभावित समाजिक आर्थिक क्षेत्रहरुलाइ पुनर्जिवन दीइ विकास निर्माण लाइ तिव्रता दिने र समग्रमा यस गाउँपालिकाको आर्थिक समाजिक सुचकहरुमा सकारात्मक परिवर्तन आउने विश्वास राखेको छु

विभिन्न समस्या र चुनौतीहरुका बाबजुत बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिबद्द र एकताबद्द बनौ साथै दुर्गाथली गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि सम्पुर्ण क्षेत्रलाइ खुला सहयोगको अपिल गर्दछु ।

धन्यबाद ।

नितिथाकार्यक्रम२०७८/०७९

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल